कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितिः २०८२/०५/०२
समयः दिनको ११:०० बजे
स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल भाद्र ०२ गते सोमबार दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan. |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | बुद्धिलाल |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | गोरी माया |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | [illegible] |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | [illegible] |

<u>प्रस्तावहरु:</u>

१. सालवास/सानोडाँडाखर्क सडक र ५ शैया नामटार असपतालको ठेक्का सम्बन्धमा,

२. कैलाश-२ बैकुण्ठ स्थित जिपलाईनको कार्यविधि सम्बन्धमा,

३. "घ" वर्ग इजाजतपत्र सम्बन्धमा,

४. भूमिहिन दलित/सुकुम्बासीको जग्गा प्राप्तिको लागि भूमि आयोगमा पठाउने सम्बन्धमा,

५. गाउँ शिक्षा सम्बन्धी पुनर्गठन सम्बन्धमा,

६. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णयहरु :

(१) प्रस्ताव न.१ माथी छलफल गर्दा आ.व. २०८१/८२ मा प्रदेश सरकार तथा यस गाउँपालिकाको सयुक्त लगानी (समपुरक ) अन्तरगत संचालित **सालबास-हुदै सानोडाडाखर्क सडक योजना कैलाश-.२ र ८ ( ठेक्का न. KRM/STSKR/BN-02/2081/82)** को मिति २०८१/०८/०९ गते श्री एरोन-गुरु-सिपालि जे.भि. बानेश्वर-१० काठमाडौं सगँ रु १,१६,६०,५६३.९१(भ्याट सहित) मा मिति २०८२/०२/३० गते सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको तथा जे.भि.ले समयमै कार्य सम्पन्न गर्न नसकेकोले मिति २०८२/०३/०४ गतेको कार्यपालिकाको बैठकले २०८२/०३/१५ गते सम्म म्याद थप गरी कार्य सम्पन्न गर्ने कायदिश दिएको तथापी उल्लेखित कार्य निर्धारित समयमा जम्मा ७१,६२,४४०.७२ (भ्याट सहित) / ६१.४२ प्रतिशत मात्र कार्य सम्पन्न गरेको , सोहि सम्बन्धमा, आवश्यक जाचबुझ गर्दा पटक पटक कार्यालयले ताकेता गर्दा पनि निर्माण व्यवसायीले वेवास्था गरेको, गुणस्तरमा हेलचक्रयाई गरेको, प्रदेश समपुरकको योजनामा कार्यालयले पटक पटक दिएको निर्देशन पालना नगरेको देखिन आएकोले ठेक्का रद्द गरी उल्लिखित निर्माण कार्यसँग सम्बन्धित कार्य सम्पादन जमानत सम्बन्धित बैक बाट जफत गरी सार्वजनिक खरिद ऐन २०६३ को नियम ६३ को "ग" तथा नियमावलि २०६४ को नियम १४१ बमोजिम कानुनि कारवाही गर्ने भनि सर्वसहमती निर्णय गरीयो।

प्रस्ताव न. १ माथि नै छलफल गर्दा आ.व. २०७८/७९ मा प्रदेश सरकार बाट प्राप्त अनुदान बाट संचालित नामटार स्वास्थ्य चौकि भवन निर्माण कैलाश-०९ ( ठेक्का न. **KRM/CNHP/BN-012/2078/79)** को मिति २०७९/०३/०१ गते श्री टाण्डव कन्ट्रक्सन कम्पनी प्रा.लि. हेटौडा १७- मकवानपुर सगँ रु १,४३,८२,००१.१४(भ्याट सहित) मा मिति २०८१/०३/०१ गते सम्म कार्य सम्पन्न गर्ने गरी बहुबर्सिय योजना सम्झौता भएको तथा उक्त कम्पनी प्रा.ली.ले समयमै कार्य सम्पन्न गर्न नसकेकोले पटक पटक म्याद थप गरी अन्तिम पटकको लागी मिति २०८२/०३/०४ गतेको कार्यपालिकाको बैठकले २०८२/०३/१५ गते सम्म म्याद थप गरी कार्य सम्पन्न गर्ने कायदिश दिएको तथापी उल्लेखित कार्य निर्धारित समयमा जम्मा ९८,१६,२५८.०३ (भ्याट सहित) /६८.२५ प्रतिशत मात्र कार्य सम्पन्न गरेको , सोहि सम्बन्धमा, आवश्यक जाचबुझ गर्दा पटक पटक कार्यालयले ताकेता गर्दा पनि निर्माण व्यवसायीले वेवास्था गरेको, प्रदेशले वजेट बिनियोजन नगर्दा पनी कार्यालयले आर्थिक भार उठाई योजना संचालन गर्दा समेत विनियोजन बजेटमा कार्यालयले पटक पटक दिएको निर्देशन पालना नगरेको तथा कार्यालय बाट समय समयमा सोधिएका स्पस्टिकरणको कुनै जवाफ नदिएको देखिन आएकोले उक्त ठेक्का रद्द गरी बाँकि रहेको पेश्की जफत गरी उल्लिखित निर्माण कार्यसँग सम्बन्धित कार्य सम्पादन जमानत सम्बन्धित बैक बाट जफत गरी सार्वजनिक खरिद ऐन २०६३ को नियम ६३ को "ग" तथा नियमावलि २०६४ को नियम १४१ बमोजिम कानुनि कारवाही गर्ने भनि सर्वसहमती निर्णय गरीयो।

प्रमुख प्रशासकीय अधिकृत

बाँक बहादुर मुक्तान
अध्यक्ष

(२) प्रस्ताव नं २ माथि छलफल गरि **"कैलाश गाउँपालिकाको जिपलाईन सञ्चालन सम्बन्धी कार्यविधि, २०८२"** स्वीकृत गर्ने निर्णय गरियो।

(३) प्रस्ताव नं ३ माथि छलफल गर्दा यस कैलाश गाउँपालिका वडा नं १०, मन्याङ्कोट निवासी रत्न बहादुर वाईवाको नाती, लाल बहादुर वाईवाको छोरा, वर्ष ३८ को मोहन वाईवा (ना.प्रा.नं. १७/१३०९०) ले कम्पनी रजिस्टारको कार्यालयको दर्ता नं २३२८०६/०७६/०७७ मिति २०८०/१०/११ गतेको **होरेव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.** (स्थायी लेखा नं ६०९७०६४०६) यस कार्यालयमा दर्ता गरी इजाजतपत्र पाउँ भनि निवेदन पेश गर्नुभएकोमा उक्त निवेदनका साथ संलग्न कागजातको परीक्षण गर्दा यस कैलाश गाउँपालिकाको **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७६ को अनुसूची ५** मा रहेको "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता पूरा भएको देखिएको हुँदा उक्त कार्यविधिको दफा नं २ को उपदफा (१) र (२) को चरणहरु पूरा भै उपदफा (३) बमोजिम उक्त निर्माण व्यवसायीलाई प्रचलित कानूनको अधिनमा रहि निर्माण व्यवसायीसँग सम्बन्धित कार्य गर्न कैलाश गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ५ को अनुसूची ४ बमोजिमको दर्ता शुल्क लिई कार्यपालिकाबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो।

(४) प्रस्ताव नं ४ माथि छलफल गर्दा, नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनि आफूलाई भूमिहिन दलित, भूमिहिन सुकुम्बासी दावी गरि जग्गा आवाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गा तोकोएको क्षेत्रफलको हदमा नबढ्ने गरि निःशुल्क जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा पेश भएको निवेदनमा उल्लेख गरे अनुरुप उजुर बाजुरको लागि वडा र पालिका स्तरमा ७ दिने सूचना प्रकाशन गरिएकोमा कुनै उजुर बाजुरको लागि निवेदन दर्ता नभएकोले कामकार्बाही अगाडि बढाउन यस कार्यपालिकाबाट निर्णय गरि आयोगमा पठाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

(५) प्रस्ताव नं ५ माथि छलफल गर्दा, मिति २०७९/०४/२६ गतेको कार्यापालिकाबाट गठन गरिएको गाउँ शिक्षा समितिको म्याद (तीन बर्ष) समाप्त भई पुनर्गठन गर्नुपर्ने हुँदा कैलाश गाउँपालिकाको शिक्षा ऐन, २०७५ को परिच्छेद ४, दफा १५ मा भएको व्यवस्था अनुसार तपसिल बमोजिम हुने गरी गाउँ शिक्षा समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क) संयोजकः श्री लोक बहादुर मुक्तान (गाउँपालिका अध्यक्ष)

ख) सदस्यः श्री राजेन्द्र तामाङ (सामाजिक विकास समिति संयोजक)

ग) सदस्यः श्री अमुल श्रेष्ठ (प्रमुख प्रशासकीय अधिकृत)

घ) सदस्यः श्री गंगालाल चेपाङ्ग (कार्यपालिकाले तोकेको गाउँ सभासदस्य)

ङ) सदस्यः श्री कुमारी तामाङ्ग (कार्यपालिकाले तोकेको गाउँ सभासदस्य महिला)

च) सदस्यः श्री कर्ण बहादुर चेपाङ्ग (दलित वा अल्पसङ्ख्यकबाट शिक्षा प्रेमि तथा समाजसेवी महिला)

छ) सदस्यः श्री चन्द्र बहादुर सारू मगर (सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट)

ज) सदस्यः श्री राजेन्द्र शिवाकोटी (शिक्षक महासंघको गाउँपालिका स्तरका अध्यक्ष)

झ) सदस्यः श्री साँग्रिला डेभेलपमेण्ट ऐसोसिएसन (स्थानीय शिक्षाविद्, शिक्षा क्षेत्रमा काम गर्ने गैससमध्यबाट)

ञ) सदस्यः श्री राम सिं गोले (वडा शिक्षा समितिको संयोजकबाट)

ट) सदस्यः श्री निर्मला सिन्तान (सामुदायिक विद्यालयको प्रधानाध्यापकबाट)

ठ) सदस्य-सचिवः श्री समिर जोशी (शिक्षा अधिकृत, सातौं)

(६) विविधः

(क) प्राविधिक शाखाबाट पेश हुन आएको आर्थिक बर्ष २०८२/०८३ को भवन, सडक, खानेपानी, स्यानिटरी र सिंचाई सम्बन्धित दर विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

(ख) आ.व. २०८२/८३ मा गाउँपालिका तथा स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

(ग) यस गाउँपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा पुर्याउने उद्देश्य राखी मिति २०७८ साल जेष्ठ २७ गते निर्माण कार्य प्रारम्भ भई मिति २०८२ साल असार २० मा निर्माण सम्पन्न भएको १० शैय आधारभूत अस्पताल निर्माण कम्पनी श्री आशिष/ आशिर्बाद/ स्वामिनारायण जे.भि. त्रियुगा-१३, उदयपुरले यस कैलाश गाउँपालिका मकवानपुरलाई हस्तान्तरण गरीसकेको हुनाले अब उपरान्त पालिकाले जिम्मेवारी सहितको सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले उक्त अस्पताललाई अबदेखि कैलाश गाउँपालिकाको पूर्ण स्वामित्वमा सञ्चालन गर्ने गरि अस्पतालको प्रभाबकारी व्यवस्थापन, सेवा गुणस्तर , स्थानीय आवश्यकता अनुसार स्वास्थ्य सेवा उपलब्ध गराउन, जनशक्ति तथा बजेट व्यवस्थापन लगायतका कार्यहरू पालिकाले आफ्नै प्रणालीबाट अगाडि बढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष